# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission of Nepal**
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


**प्रेस नोट**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७१ मङ्सिर ४ गते

## चार जिल्लामा मानव अधिकारको अवस्थाबारे अनुगमन

राष्ट्रिय मानव अधिकार आयोगको एक टोलीले खोटाङ, ओखलढुङ्गा, सोलुखुम्बु र रामेछापको मानव अधिकारको स्थितिका बारेमा अनुगमन गरी प्रारम्भिक प्रतिवेदन पेश गरेको छ । आयोगका सदस्य प्रकाश वस्तीको नेतृत्वमा निर्देशक सुवर्ण कर्माचार्य अधिकृत जायश्वर चापागाईं र सहायक लोकनाथ घिमिरे सम्मिलित टोलीले ती जिल्लाहरूमा कारागार, प्रहरीको थुनुवा केन्द्र र अस्पतालको समेत निरीक्षण गरेको थियो ।

टोलीले आयोगबाट खोटाङका भूदेव राईको प्रहरी हिरासतमा भएको मृत्युलाई प्रहरी यातनाबाट भएकोले सम्बन्धितहरूलाई कारबाही चलाउनुपर्ने भनी २०७० साउन ४ गते निर्णय गरी कार्यान्वयनका लागि सरकारलाई पठाएकोमा जाहेरी दर्खास्त पनि दर्ता नगरिएको कुरालाई गम्भीर रूपमा अध्ययन अनुसन्धान हुनुपर्ने टोलीले आफ्नो प्रारम्भिक प्रतिवेदनमा उल्लेख गरेको छ । यसैगरी ओखलढुङ्गाका ज्ञानबहादुर माझीसमेत ज्यान मारेकोमा अदालतमा समेत सावित भई थुनामा रहेको तर पछिबाट मारिएको भनिएको व्यक्ति जीवित नै फर्किएको पाउँदा यस घटनालाई पनि अपराध अनुसन्धान र अनुसन्धानकर्ताको प्रवृत्तिबारे गम्भीर अनुसन्धान-अध्ययन हुनुपर्ने टोलीले निष्कर्ष निकालेको छ । सोलुखुम्बुका दिलबहादुर राई २०५९ सालदेखि बेपत्ता रहेको भन्ने परिवारको उजुरी आयोगमा परे पनि निजको नाम बेपत्ताको सूचीमा नपरेको विषयलाई पनि आयोगले अध्ययन-अनुसन्धानको विषय मानेको छ ।

ती जिल्लाहरूको बासिन्दाको स्वास्थ्यसम्बन्धी मानव अधिकारको अनुगमन गर्ने क्रममा सोलुखुम्बुको फाप्लु अस्पताल र रामेछापको सामुदायिक अस्पतालबाहेक अन्य अस्पतालको जनशक्ति, साधन-स्रोत, भौतिक अवस्था र प्रबन्ध अत्यन्त कमजोर रहेको टोलीले ठहर गरेको छ । खासगरी निःशुल्क रूपमा वितरण गरिने औषधि जिल्लाको आवश्यकता अनुसार नहुने, औषधि प्रयोग गर्ने अवधि अत्यन्त कम बाँकी रहने, निःशुल्क वितरण गर्न पठाइएका औषधिले रोग निको नहुने र सोही नामको औषधि बाहिर किनी प्रयोग गर्दा रोग निको हुने र औषधिको व्यवस्थापन नभएको टोलीले विशेष रूपमा उल्लेख गरेको छ ।

प्रतिवेदनमा कारागार तथा हिरासत केन्द्रहरूमा क्षमताभन्दा अत्याधिक बन्दी राखिएको जनाइएको छ । यसबारे प्रतिवेदनमा भनिएको छ, 'रामेछापमा ५० जना क्षमता भएको कारागारमा २ सय ४६ जना, सोलुखुम्बुमा ५० जना क्षमता भएकोमा ७७ जना, ओखलढुङ्गामा २५ जना क्षमता भएकोमा ४८ जना र खोटाङमा ९९ जना क्षमता भएकोमा ११९ बन्दी रहेको पाइयो । कारागारमा अभिभावकसँग नाबलक पनि रहेको पाइयो ।' २०६३ सालदेखि कायम भएको कारागारका बन्दीहरूलाई ४५ रुपैयाँ दैनिक निर्वाह भत्ता दिइने गरेको र उक्त रकम बढ्दो महङ्गी अनुकूल नभएको प्रतिवेदनमा उल्लिखित छ । खोटाङको कारागार रहेका ८३ जना बन्दीमध्ये ३६ जनाको मात्र मुद्दा किनारा लागेको र बाँकीलाई पुर्पक्षका लागि कारागारमा राखिएको प्रतिवेदनमा जनाइएको छ । यसैगरी, सोलुखुम्बुमा १७ जना, रामेछापमा १६ जना र ओखलढुङ्गामा ८ जना बन्दी आफ्नो मुद्दाको निर्णयको पखाइमा रहेको पाइयो । प्रतिवेदनमा भनिएको छ, 'निःशुल्क रूपमा कानूनी सेवा पाउने व्यवस्था रहेको जानकारीसमेत मुद्दा किनारा नलागेका बन्दीहरूले नपाएको भेटियो । थुनुवा कक्षमा बन्दीमाथि शारीरिक यातना भने भएको पाइएन ।'

अनुगमन गरिएका जिल्लाहरूको महिलामाथि हुने हिंसाको अवस्थालाई गम्भीर रूपमा उठाइएको छ । प्रतिवेदनमा महिला हिंसाको अवस्थाबारे भनिएको छ, 'महिला हिंसा र महिलाको आत्महत्या निकै बढेको पाइयो । महिला आत्महत्याको मूल कारणमा वैदेशिक रोजगारीमा रहेका श्रीमान्ले श्रीमतीलाई आर्थिक हिनामिनाको आरोप र चारित्रिक लान्छना लाउनेजस्ता पक्षहरू पाइयो ।'

प्रतिवेदनमा पाठ्यपुस्तक समयमा उपलब्ध नहुने समस्या र शिक्षकहरू पठनपाठनमा भन्दा अन्य गतिविधिमा लाग्दा बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारमा बाधा खडा भएको जनाइएको छ । प्रतिवेदनमा भनिएको छ, 'पाठ्यपुस्तक समयमा नपुग्दा र तिनको उचित रूपमा वितरण नहुँदा पठनपाठन असर पुगेको देखिन्छ । शिक्षकहरू गोष्ठी तथा अनुशिक्षण कार्यक्रममा बढी सहभागी हुँदा बिना अवरोध शिक्षा प्राप्त गर्ने विद्यार्थीहरूको अधिकारमा धक्का पुगेको देखिन्छ ।'

सरकारी सेवाको अवस्थाबारे प्रतिवेदनमा भनिएको छ, 'सरकारी कार्यालयमा कुल दरबन्दीको मुस्किलले ४० प्रतिशत जनशक्तिले काम गरेको पाइयो । त्यहाँका कर्मचारीहरू पहुँचको आधारमा सरुवा मिलाएर सुविधाजनक ठाउँमा जाने वा काजमा बस्ने गरेको पाइयो । ओखलढुङ्गाको कारागारमा अधिकृतको दरबन्दी भएको ठाउँमा खरिदारले काम चलाएको पनि भेटियो ।'

सडकको स्तरोन्नति भइसक्दा पनि भाडा नघट्दा उपभोक्ताहरू मर्कामा परेको कुरा प्रतिवेदनमा औंल्याइएको छ । सडकको पूर्वाधार बनिसकेका अवस्थामा रामेछापको मन्थलीदेखि खुर्कुटसम्मको १३ किलोमिटर दूरीमा ६५ रुपैयाँ भाडा असुलेको पाइएको प्रतिवेदनमा उल्लिखित छ । 'घुर्मी र जयरामघाटमा लामो समयसम्म पुल नबन्दा यात्रुहरू मर्कामा परेका छन् । यसलाई सरकारले गम्भीर रूपमा लिनुपर्छ ।' प्रतिवेदनको ठहर छ ।

टोलीले सन् २०१५-२०२० सम्मको रणनीतिक योजना तर्जुमा गर्ने क्रममा ती जिल्लाहरूमा अन्तरक्रिया कार्यक्रमको आयोजना गरेको थियो । यस क्रममा ज्येष्ठ नागरिकप्रति सम्मान गर्दै र उनीहरूको अधिकारप्रति प्रतिबद्धता जनाउँदै खोटाङमा १ सय ७ बर्षीय बृद्धाद्वारा कार्यक्रमको उद्घाटन गरिएको थियो । प्रमुख अतिथिको रूपमा रहनुभएका ती महिलालाई आयोगले दोसल्ला ओढाएर अभिनन्दन समेत गरेको थियो । खोटाङमा नागरिकको सांस्कृतिक अधिकारको सम्मान गर्दै स्थानीय साकेला नृत्य प्रस्तुत गरिएको थियो । बालबालिकाका अधिकार, दलितका अधिकार एवम् महिलाका अधिकार र समानताको हकप्रति सम्मान गर्दै रामेछापमा तीनजना दलित बालिक तथा एकजना आदिवासी माझी बालकद्वारा कार्यक्रमको उद्घाटन गरिएको थियो । यसैगरी सोलुखुम्बुमा पनि तीनजना बालक र तीनजना बालिकाद्वारा कार्यक्रमको उद्घाटन गरिएको थियो ।

वेदप्रसाद भट्टराई
कामु सचिव